# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक - २८, २०८२ माघ

**महासंघको परिचय:**

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता सँगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५५ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार सँगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम सञ्चालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाका दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”


वर्ष -०३ अंक - २८, २०८२ माघ

## यस अंक भित्रः


| विषय-सूची | पेज |
|---|---|
| १. SCOPE for SRHR परियोजना मार्फत SRHR विज्ञहरुसंग पृष्ठपोषण संकलन बैठक सम्पन्न | - २ |
| २. SCOPE for SRHR कार्यक्रम अन्तर्गत आमा समूहहरू तथा FCHVs सँग यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार सम्बन्धी सचेतनामूलक बैठक सम्पन्न | - ३ |
| ३. कोशी अस्पतालमा नवजात शिशु श्रवण परीक्षण केन्द्र स्थापना हुनेबारे मोरङमा सरोकारवालाहरूको बृहत्तर परामर्श सम्पन्न | - ४ |
| ४. कर्णाली प्रदेश समितिको अधिवेशन सम्पन्न | - ५ |
| ५. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण | - ५ |
| ६. राजनैतिक पार्टीको निर्वाचन घोषणापत्रमा बहिरा समुदायका सवाल सम्बन्धमा राष्ट्रिय बहिरा महासंघ नेपालको अपील | - ५ |


### १. SCOPE for SRHR परियोजना मार्फत SRHR विज्ञहरुसंग पृष्ठपोषण संकलन बैठक सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको नेतृत्वमा अपाङ्गता भएका महिलाहरूको महासंघ नेपाल, श्रवणदृष्टि विहीन अभिभावक समाज र नेत्रहीन युवा संघ नेपालको सहकार्यमा सञ्चालित “यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारमा पहुँचका लागि अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको क्षमता विकास कार्यक्रम” अन्तर्गत परियोजनाको परिचयात्मक तथा सुझाव संकलन बैठक मिति २०८२ माघ १३ गते काठमाडौंमा सम्पन्न भएको छ । कार्यक्रममा संघीय स्तरका SRHR विज्ञ, सरोकारवाला निकाय, गैरसरकारी संस्था तथा अपाङ्गता भएका व्यक्तिहरूका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो। बैठकको अध्यक्षता गर्नुभएका राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष श्री सन्तोष के.सी.ले परियोजनाको उद्देश्य, पृष्ठभूमि, आवश्यकता तथा योजनाबारे स्पष्ट पार्नुभएको थियो। बैठकमा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धमा भएका नीतिगत ब्यबस्था, कार्यान्वयनमा देखिएका ब्यवहारिक समस्या एवं चुनौती, भौतिक पहुँचको



*अनलाइन बैठकमा जोडिनुभएको सहभागीहरु*

अभाव, सेवा प्रदायकको सकारात्मक र समावेशी व्यवहारको कमी, आवश्यक सहायक सामग्रीको अभाव, अपाङ्गता मैत्री वातावरण, सूचना तथा शैक्षिक सामग्रीको कमी लगायातका सवालमा खुला छलफल गरिएको थियो । छलफलका क्रममा LGBTQI+ अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अत्यन्त सीमित रहेको, महिलाहरूले पुरुषको तुलनामा बढी कठिनाइ भोग्नुपरेको, अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्नुपर्ने एवं अपाङ्गता समावेशी यौन तथा प्रजनन स्वास्थ्य सेवा सुनिश्चित गर्नका लागि समन्वय, सहभागिता र व्यवहारमा परिवर्तन कार्यान्वयन आवश्यक रहेकोमा जोड दिइएको थियो।



*सहभागीहरु छलफलको क्रममा*

## २. SCOPE for SRHR कार्यक्रम अन्तर्गत आमा समूहहरू तथा FCHVs सँग यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार सम्बन्धी सचेतनामूलक बैठक सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको नेतृत्वमा श्रवणदृष्टि विहिन अभिभावक समाजको संचालित SCOPE for SRHR कार्यक्रम अन्तर्गत काठमाण्डौमा आमा समूह तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूसँग यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार सम्बन्धी सचेतनामूलक बैठक मिति २०८२ माघ १६ गते सम्पन्न भएको थियो। उक्त कार्यक्रममा काठमाडौँ महानगरपालिका वडा नम्बर ६, ७ र ८ का महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूहका प्रतिनिधि, नवआगमन संरक्षक समाज तथा श्रवणदृष्टि विहीन स्रोत कक्षाका आयाहरू लगायत १५ जनाको सहभागिता थियो । कार्यक्रममा श्रवणदृष्टि विहीन अभिभावक समाजका अध्यक्ष लाक्पा शेर्पाले संस्थाको परिचय, अपाङ्गता र यसका प्रकार, तथा SCOPE for SRHR परियोजनाको उद्देश्यबारे जानकारी दिनुभएको थियो । अपाङ्गता भएका व्यक्तिहरुकको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारमा पहुँचको अवस्था, चुनौती तथा आवश्यकता सम्बन्धी प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रममा अपाङ्गता र यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार सम्बन्धि अवधारणा, अपाङ्गता भएका व्यक्तिहरूले भोग्दै आएका चुनौतीहरू, कानुनी र




*सहभागीहरुबीच छलफल गर्दै*

संवैधानिक व्यवस्था, पहुँचयुक्त अपाङ्गतामैत्री स्वास्थ्यको प्रकृति तथा अभिभावक, परिवार, समुदाय, आमा समूह, सेवा प्रदायक र स्थानीय तहको भूमिकाबारे खुला छलफल गरिएको थियो।

अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारसँग काम गर्दाका अनुभब साझा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई कार्यक्रमले अपाङ्गता, अपाङ्गता भएका व्यक्तिहरूका अधिकारमा पहुँच सम्बन्धि आवश्यकता र चुनौतीहरूबारे राम्रो बुझाई बिकास गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धमा अझै परिवारबाट आवश्यक सहयोग गर्न नसकेको, अपाङ्गता भएका व्यक्तिहरूका लागि परामर्श सेवा आवश्यक रहेको एवं उक्त सेवामा पहुँच सुनिश्चित गर्नका लागि आगामी दिनमा मिलेर काम गर्ने सम्बन्धमा छलफल भएको थियो ।

## ३. कोशी अस्पतालमा नवजात शिशु श्रवण परीक्षण केन्द्र स्थापना हुनेबारे मोरङमा सरोकारवालाहरूको बृहत्तर परामर्श सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल, स्वास्थ्य सेवा विभागको उपचारात्मक सेवा महाशाखा र कोशी अस्पताल विच आपसी सहकार्यमा मोरङमा नवजात शिशुहरूको जन्मजात श्रवण समस्या समयमै पहिचान गर्ने उद्देश्यले कोशी अस्पतालमा “नवजात शिशु श्रवण परीक्षण केन्द्र” स्थापना गर्ने सहमति भएको छ । नेपाल सरकारद्वारा जारी २०८२ को अनिवार्य श्रवण परीक्षण निर्देशिका अनुरूप सञ्चालन गरिनेछ।



सरोकारवालाहरुबीच छलफल गर्दै

राष्ट्रिय बहिरा महासंघ नेपालले सेन्स इन्टरनेसनलसँगको सहकार्यमा सञ्चालन भइरहेको परियोजनामार्फत आवश्यक श्रवण परीक्षण उपकरण उपलब्ध गराउने छ । कोशी अस्पतालले नवजात शिशु विभागमा परीक्षणका लागि छुट्टै कोठा उपलब्ध गराउने र यस सेवालाई नियमित स्वास्थ्य सेवाभित्र समावेश गर्ने छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पतालमा अडियोलोजी इन्टर्नहरू खटाउने निर्णय गरेको छ । ती इन्टर्नहरूलाई राष्ट्रिय बहिरा महासंघ नेपालमार्फत प्राविधिक तालिम तथा आवश्यक मार्गदर्शन प्रदान गरिने छ। कोशी अस्पतालमा वार्षिक रूपमा जन्मने करिब ८,००० नवजात शिशु सबैको श्रवण परीक्षण गर्ने लक्ष्य राखिएको छ । परीक्षणबाट श्रवण समस्या देखिएका शिशुहरूलाई आवश्यक उपकरण, उपचार, पुनःस्थापना सेवा तथा समावेशी शिक्षासँग जोड्न स्पष्ट प्रेषण प्रणाली विकास गरिने भएको छ। यस पहलले बालबालिकामा हुने सम्भावित श्रवण अपाङ्गता समयमै पहिचान गर्न, उपचार, बालबालिकाको भाषा विकास, सिकाइ र सामाजिक सहभागितामा सहयोग पुग्ने विश्वास गरिएको छ।




श्रवण परीक्षण मेसिन

## ४. कर्णाली प्रदेश समितिको अधिवेशन सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल कर्णाली प्रदेश समितिको छैटौ साधारण सभा तथा तेस्रो अधिवेशन मिति २०८२ माघ ११ गते सुर्खेतमा सम्पन्न भएको छ। अधिवेशनले धर्मदत्त फडेराको संयोजकत्वमा ७ सदस्यीय कर्णाली प्रदेश समिति सर्वसम्मतिले निर्वाचित गरेको छ। समितिमा उपाध्यक्ष - हिक्मत बुढा, सचिव - ऐन बहादुर शाही, कोषाध्यक्ष - सुस्मा बि.सी तथा सदस्यहरुमा भानुभक्त रोकाया र सम्झना सिंह चयन भएका छन् । नवगठित समितिले कर्णाली प्रदेशमा रहेका बहिरा नागरिकहरूको हक अधिकार संरक्षण र प्रवर्द्धनका लागि जिल्ला बहिरा संघहरू, नागरिक समाज तथा सम्बन्धित सरकारी निकायहरूसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ।



*नवनिर्वाचित कार्यसमिति*

## ५. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले बहिरा समुदायको सूचना र सञ्चार पहुँचमा नेपाली साङ्केतिक भाषाको भिडियो निर्माण कार्यले निरन्तरता गर्दै आइरहेको छ । बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक तथा उत्पादनमुलक, सहभागितामुलक भिडियो सामग्रीहरु प्रसारण गरिएको छ । माघ महिनामा निर्माण गरिएका जानकारीमुलक केही भिडियो तल हेर्नुहोस् ।

१. "पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पि.भी. खोप कार्यक्रम" सम्बन्धी जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस् ।

## ६. राजनैतिक पार्टीको निर्वाचन घोषणापत्रमा बहिरा समुदायका सवाल सम्बन्धमा राष्ट्रिय बहिरा महासंघ नेपालको अपील














*प्रमुख राजनीतिक दलहरू समक्ष एजेन्डा/मागपत्र पेश गर्दै,*

C.D.O Regd.No.: 138/052/53,SWC, Aff. No.:3280/052/53

**राष्ट्रिय बहिरा महासंघ नेपाल**

**National Federation of the Deaf Nepal (NDFN)**

A National Umbrella Organization Affiliated to World Federation of the Deaf (WFD)

**Kathmandu, Nepal**

NDFN 1995

मितिः २०८२ माघ २६ गते

**राजनैतिक पार्टीको निर्वाचन घोषणापत्रमा बहिरा समुदायका सवाल सम्बन्धमा राष्ट्रिय बहिरा महासंघ नेपालको अपील।**

असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्तिलाई सुनाईसम्बन्धि अपाङ्गता भएका व्यक्तिलाई बहिरा भन्ने गरिन्छ। बहिरा समुदाय भाषिक अल्पसंख्यक समुदाय हुन्। साङ्केतिक भाषा बहिरा नागरिकको पहिलो भाषा हो। सांकेतिक भाषाको विकास बिना बहिरा समुदायको मूलप्रवाहीकरण एवं बिकास सम्भव छैन। अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्वन्धि संयुक्त राष्ट्रसंघीय महासन्धि एवं दिगो विकास लक्ष्यले बहिरा नागरिकहरुका मानबअधिकारहरु सुनिश्चित गरेको छ। नेपालको संविधान तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐनले बहिरा नागरिकहरुले सांकेतिक भाषामा सूचना, शिक्षा, सञ्चार, अर्थपूर्ण सहभागिता, रोजगार, स्वास्थ्य लगायतका थुप्रै आधारभूत आवश्यकताहरुको सुनिश्चित गरेको छ। नीतिगत व्यवस्थाहरुमा कतिपय बहिरा समुदायका सवालहरु समावेश भएर पनि ब्यबहारिक रुपमा कार्यान्वयन नहुदा बहिरा समुदायले उक्त अधिकार उपभोग गर्न पाएका छैनन्। कैयौं कानुन तथा नीतिहरु विभेदकारी छन्, बहिरा समुदायका सवाल समावेश गर्न बाकि नै छन्। सरकारका नीति, कार्यक्रम तथा बजेट निर्माणमा बहिरा समुदायको प्रतिनिधित्व हुन र सवाल सम्बोधन सकेको छैन।

राजनैतिक दलहरु २०८२ फागुन २१ मा हुने आगामी निर्वाचनका लागि घोषणापत्र तयार गर्न लागेको सन्दर्भमा बहिरा समुदायका अधिकारसम्बन्धि तपशील बमोजिमका सवालहरु निर्वाचन घोषणापत्रमा समावेश गर्नका लागि बहिरा समुदायको हकअधिकारका लागि छाता संगठनका रुपमा २०५२ सालमा स्थापित राष्ट्रिय बहिरा महासंघ नेपाल हार्दिक अनुरोध गर्दछ।

१. बहिरा नागरिकहरुलाइ नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शिक्षा, संचार, जीविकोपार्जन सम्बन्धि अधिकार सुनिश्चित गर्ने गरी विद्यमान् कानुनहरुको आवश्यक परिमार्जन एवं सबै प्रकारका ऐनकानुन तथा नीतिनियमहरु निर्माण एवं कार्यान्वयन गर्दा बहिरा नागरिकहरुको सहभागिता, बहिरा समुदायको अधिकार प्रत्याभुत गर्ने।
२. सबै प्रकारका ऐनकानुन तथा नीतिनियमहरु निर्माण एवं कार्यान्वयन गर्दा राज्यका सम्बन्धित तह र निकायहरुले बहिरा समुदायसंग अर्थपूर्ण सहभागिता र परामर्श सुनिश्चित गर्ने।
३. सांकेतिक भाषा अनुसन्धान तथा विकास केन्द्र, सांकेतिक भाषा दोभाषे तालिम केन्द्रको स्थापना गर्ने, पाठ्यक्रम, प्रमाणीकरण तथा बहिरा नागरिकहरुलाई सांकेतिक भाषाका दोभाषे सेवाको व्यबस्था गर्ने।
४. सम्पूर्ण बहिरा वालवालिकाहरुको प्रारम्भिक भाषा नेपाली सांकेतिक भाषाको माध्यमबाट सांकेतिक भाषा एवं बहिरा संस्कृति लगायत निःशुल्क बिद्यालय शिक्षाको सुनिश्चित गर्ने।
५. बहिरा विद्यार्थीहरुको सिकाइलाइ सहजीकरण गर्न उपयुक्त एवं पहुंचयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण तथा सिकाइ सामाग्री, आवश्यक सन्दर्भ सामग्री एवं भिडियो सामाग्री, मूल्यांकन पद्धति, शिक्षक तालिमको विकास गर्ने।
६. बहिरा शिक्षकहरुलाइ शिक्षक अनुमतिपत्र प्राप्त गर्नमा सक्षम बनाउने एवं बहिरा वालवाललिकाका शिक्षकहरुलाइ आवश्यक तालीम प्रदान गर्नका लागि बहिरा शिक्षाका सम्बन्धमा आवश्यक मानवश्रोत विकास गर्ने।
७. बहिरा नागरिकहरुको स्व/रोजगारी सिप तथा क्षमता बिकास तथा सरकारी एवं निजी क्षेत्रमा रोजगारीका लागि विशेष प्रबन्ध गर्ने। लोकसेवा आयोग, शिक्षक सेवा आयोग अन्तर्गत छुट्याइएको ५ प्रतिशत अपाङ्गता आरक्षणभित्र अपाङ्गताको प्रकृति अनुसार आरक्षण सुनिश्चित गर्ने।
८. सुनाई सम्बन्धि अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्न भिडियो रिले सेवाको स्थापना गर्ने।

सन्तोष के.सी
अध्यक्ष

Leading Deaf Community Nepal /Human Right with Sign languege

1

P.o.Box : 11338, Tel.: +977 1 4435514, Mob.:9851144801(SMS), Email: admin@deafnepal.org.np |Webiste: www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक - २८, २०८२ माघ


**हाम्रा साझेदार संस्थाहरु :-**




"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

